गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

## मिति २०७९।१०।२० गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को नवौं नगर कार्यपालिका बैठकको निर्णयहरुः

**निर्णय नं.१** गैंडाकोट नगरपालिकाको यस आर्थिक वर्षको मिति २०७९।०५।०९ मा बसेको दोस्रो नगर कार्यपालिका बैठकको निर्णयानुसार गठन भएको कार्यदललाई गैंडाकोट नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी कामलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अध्ययन गरी उपयुक्त सुझाव सहित पेश गर्न कार्यदललाई दिएको जिम्मेवारी अनुसार उक्त कार्यदलबाट फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन बैठकमा पेश भई छलफल गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयको चालु आ .व. २०७९।८० को बार्षिक कार्यक्रम अन्तर्गत यस नगरपलिका क्षेत्र भित्र पर्ने खोला/नदिहरुकोको माटो, बालुवा तथा अन्य नदीजन्य पदार्थ उत्खनन संकलन तथा बिक्री वितरण गर्ने कार्यको लागि पेश भएका तपशिल बमोजिमका प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.स. | खोलानदीको नाम तथा उत्खनन क्षेत्र/ | प्रस्तावकको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | **नारायणी नदी खण्ड,क-** वडा नं को मुरलिटार ७ . | गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय,गैंडाकोट | |
| २. | **नारायणी नदी खण्ड – ख** (थुम्सी होटल लाईन दक्षिण) | ऐऐ. | |
| ३. | **नारायणी नदी,** (बोटे टोल वडा नं. ६) | ऐऐ. | |
| ४. | **नारायणी नदी,** (खलेचौर वडा नं. ७) | ऐऐ. | |
| ५. | **झराही खोला,** पर्ने स्थान वडा नं. १५ | ऐऐ. | |
| ६. | **कालिगण्डकी नदी,** (केलादी दक्षिणको वगर वडा नं. ३) | ऐऐ. | |
| ७. | **हर्दि खोला,**( हार्दीकाली दोभान वडा नं .३) | ऐऐ. | |
| ८. | **महेश्वोर खोला/कालिगण्डकी** (वडा नं. ३ कराम बगर) | ऐऐ. | |
| ९. | **नारायणी नदी** (वडा नं. २ मजुवा बगर) | ऐऐ. | |

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को ठेक्का नं. ०३/०७७/०७८ र ठेक्का नं. ०४/०७७/०७८ मा भएको सम्झौता बमोजिम अनुगमन समितिको अनुगमन प्रतिवेदन अनुसार बाँकी रहेको क्रमशः १९,६९५ घनमिटर र ४,६०९।५९ घनमिटर परिमाणको नदिजन्य पदार्थ नगर कार्यपालिकाको मिति २०७८/०३/०८ गते बसेको ७९ औं बैठक र मिति २०७९।०२।२१ गते बसेको ८५ औं नगर कार्यपालिका बैठको निर्णय समेतका आधारमा सम्बन्धित ठेकेदारहरुलाई १५ दिनको समय दिई बाँकी परिमाणको लागि लाग्ने सम्पूर्ण राजस्व एकमुष्ट जम्मा गर्न लगाई राजस्व जम्मा भएपश्चात गैंडाकोट नगरपालिका वडा नं. ९ स्थित नारायणी नदि खण्ड-ख (थुम्सी होटल लाईन दक्षिण) क्षेत्रबाट उत्खनन गरी लैजान अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिका वडा नं. ७ स्थित खलेचौर क्षेत्रबाट प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्खनन गर्न सकिने परिमाणको नदिजन्य पदार्थ गैंडाकोट नगर विपद व्यवस्थापन समितिको मिति २०७९।०९।०८ को निर्णय तथा गैंडाकोट नगर कार्यपालिकाको मिति २०७९।०९।१४ को छैटौं बैठकबाट भएको नदिजन्य पदार्थ घाटगद्दी सम्बन्धी निर्णयानुसार खाटगद्दी गर्ने निर्णय गरियो ।

ऋषिराज ...
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको मिति २०७९।०९।१४ को छैटौं बैठकको निर्णयानुसार गैंडाकोट नगर क्षेत्रका विभिन्न योजनाको लागि उपभोक्ता समितिहरुलाई नदिजन्य पदार्थ उपलब्ध गराउदा गैंडाकोट नगरपालिका वडा नं. ६ स्थित बोटेटोल वगर क्षेत्रबाट प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्खनन गर्न सकिने परिमाणको अधिनमा रही नदिजन्य पदार्थ प्रदेश सरकारबाट तोकिएको राजस्व र प्रति घनफुट रु. १ पर्यावरण शुल्क लिई उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं. ६, ७, ८ र ९ मा निर्माणाधिन नारायणी तटवन्धनको लागि आवश्यक कंङ्क्रिट ब्लक निर्माणको लागि नियमानुसारको राजस्व लिई सम्बन्धित निर्माण व्यवसायीलाई नदिजन्य पदार्थ उपलब्ध गराईदिनुहुन भनी नारायणी तटवन्धन आयोजनाको च. नं. २१५ मिति २०७९।०९।१७ को पत्रबाट अनुरोध भई आएकोले र उक्त आयोजनाको लागि गैंडाकोट नगरपालिका वडा नं. ६ स्थित बोटेटोल वगर क्षेत्रबाट प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्खनन गर्न सकिने परिमाणको अधिनमा रही नदिजन्य पदार्थ प्रदेश सरकारबाट तोकिएको राजस्व र प्रति घनफुट रु. १ पर्यावरण शुल्क लिई उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ७** निर्णय नं. ५ र ६ बमोजिम नदिजन्य पदार्थ उपलब्ध गराउदा वडा नं. ६ स्थित बोटेटोल बगर क्षेत्रमा स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित परिमाण भित्रको नदिजन्य पदार्थ बाँकी भएमा सो परिमाण समेत निर्णय नं. ४ बमोजिम घाटगद्दी गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** नगर कार्यपालिकाको मिति २०७९।०८।०६ को चौथो बैठकको निर्णयानुसार निर्माणाधिन नगर अस्पतालको निर्माणको कामलाई तीब्रता दिन पत्राचार गरिएकोमा हालसम्मको प्रगति तथा सम्बन्धित निर्माण व्यवसायीबाट पेश भएको कार्ययोजनाको सम्बन्धमा बैठकमा समिक्षा गरियो। निर्माण व्यवसायीबाट पेश भए बमोजिम सम्झौता अवधी थप गर्ने सम्बन्धमा कार्यप्रगतिको आधारमा पछि छलफल हुने गरी सम्झौता अवधी भित्रै कार्यसम्पन्न गर्ने गरी निर्माण कार्यलाई तीब्रता दिन कार्यालय मार्फत सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिन निर्णय गरियो।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका वडा नं. ३ स्थित गडम्दी खानेपानी आयोजना (ठेक्का नं. 03/GM/NCB/2077-078) को -२९.६१ प्रतिशतको भेरियसन आदेश स्वीकृत गरी उक्त योजनाको अन्तिम फरफारक गर्ने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख